# लक्ष्मी महिला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. ०८१।०८२

च.नं.

मिति : २०८१।०९।११

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८१।०९।११)

प्रस्तुत विषयमा यस सामुदायिक वनको व्यवस्थापनको कममा आ.व. २०७९/०८० को जि.व.पै. आपूर्ति समितिबाट फिर्ता भएको साल काठ तथा आ.व. ०८१।०८२ मा दलापडा र पुनरुत्पादन कटान क्षेत्रबाट कटान भई उत्पादन भएका गोलिया काठ, दाउरा शितगंगा-९ सिस्नेमा घाटगद्दी गरी राखिएका विभिन्न जातको गोलिया थान ४२३ को ३४९२.५७ क्यू.फिट र साल तथा अन्य दाउरा ९.५० चट्टालाई कायम गरिएको ३ वटा लटहरु हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रकियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारमा आधारित ईच्छुक योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजे भित्र दाखिला गर्न हुन सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं.१२१९ मिति २०८०।९।०७ गतेको लिलाम सहमति बमोजिमको प्रथम पटक सूचना प्रकासित

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 01/081/082 | आ.व. ०७९।०८० आपूर्ति फिर्ता आ.व. ०८०।०८१ अन्य काठ | साल | A | ३ | ३९.९४ | १२५० | ४९९२५ | ३७६,१२१ | |
| | | साल | B | १० | ९४.४३ | ९०० | ८४९८७ | | |
| | | साल | C | ३५ | १४९.३९ | ६०० | ८९६३४ | | |
| | | साल | D | ३ | ४.३१ | ३०० | १२९३ | | |
| | | असना | A | ३० | ६३६.०० | ४०० | २५४४०० | | |
| | | असना | B | ३९ | ४४९.५६ | ३०० | १३४८६८ | | |
| | | असना | C | ८५ | ४५८.४५ | १०० | ४५८४५ | | |
| | | जामुन | A | ४ | ५१.२१ | ४०० | २०४८४ | | |
| | | जामुन | B | २२ | १७१.२१ | ३०० | ५१३६३ | | |
| | | जामुन | C | १२ | ५४.९७ | १०० | ५४९७ | | |
| | | आँप | N | २ | १८.४९ | २०० | ३६९८ | | |
| | | सादन | N | १ | ३.२१ | ३०० | ९६३ | | |
| जम्मा | | | | 246 | 2131.17 | | ७४२९५७ | ३७६,१२१ | |
| 02/081/082 | आ.व. ०८०।०८१ को साल काठ | साल | A | ५ | ८१.६८ | १२५० | १०२१०० | २४५,०५४ | |
| | | साल | B | ३८ | ६०२.०१ | ९०० | ५४१८०९ | | |
| | | साल | C | १०७ | ५९६.६४ | ६०० | ३५७९८४ | | |
| | | साल | D | २७ | ८१.०८ | ३०० | २४३२४ | | |
| जम्मा | | | | 177 | 1361.41 | | १०२६२१७ | २४५,०५४ | |

# लक्ष्मी महिला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 03/081/082 | आ.व. ०८०।०८१ को साल तथा अन्य दाउरा | साल | दाउरा | | ५ | १२००० | ६०००० | १६६,२५० | |
| | | अन्य | दाउरा | | ४.५ | ४००० | १८००० | | |
| जम्मा | | | | | 9.50 | | ७८००० | १६६,२५० | . |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/१०/०२ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/१०/०३ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट रु.१००० (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको नेपाल बैंक लिमिटेड, चन्द्रौटा शाखा, कपिलबस्तुमा रहेको हिसाव नं. २२८००१०६३३२१७८००००01 खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार शितगंगा-९ सिस्ने घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।१०।०६ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री लक्ष्मी महिला सा.व.उ.स.को काठ, दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

# लक्ष्मी महिला सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यसै समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०८१ साल पौष महिना ११ गते रोज ०५ मा शुभम् ...................................।